# बर्दिवास नगरपालिका

प्रदेश नं. २, महोत्तरी

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

## “मेयर कृषि कार्यक्रम” योजना छनौट मापदण्ड

बर्दिबास नगरपालिका
प्रदेश नं. २
महोत्तरी

फोनः-०४४-५५०६७५

# बर्दिवास नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

**बर्दिवास, महोत्तरी**
**प्रदेश नं २, नेपाल**

## "मेयर कृषि कार्यक्रम" योजना छनौट मापदण्ड

बर्दिबास नगरपालीकाले यस आर्थिक बर्ष २०७५/२०७६ बाट कार्यान्वयन गर्न लागेको **"मेयर कृषि कार्यक्रम"**का लागी यस नगरपालिकाको सबै वडाबाट कृषि सम्बन्धी तात्कालीन आबश्यकता, भौगोलिक/आर्थिक सम्भाब्यता तथा दिर्घकालिन योजना निर्माणको सन्दर्भमा योजनाहरुको माग तथा प्राप्त योजनाहरुलाइ सुचिकरण, बर्गिकरण, मुल्यांकन तथा प्राथमिकीकरण गर्ने कार्यका लागी यस **"मेयर कृषि कार्यक्रम योजना छनौट मापदण्ड"** निर्माण गरिएको छ ।

**१) योजनाको नाम : "मेयर कृषि कार्यक्रम योजना छनौट मापदण्ड"** ।

**२) योजना लागु हुने स्थान :** बर्दिबास नगरपालिकाका १४ वटै वडा ।

**३) योजनाको प्रकृति :** मेयर कृषि कार्यक्रम कार्यान्वयन कार्यविधिले समेटेका कृषि उत्पादन, व्यबस्थापन र बजारीकरण सम्बन्धी योजनाहरु तथा कृषि पुर्वाधार निर्माण सम्बन्धी योजनाहरु ।

**४) योजना कार्यान्वयनमा सहभागिता :** बर्दिबास नगरपालिकामा बसोबास गर्ने उपभोक्ता, कृषक समुह तथा कृषि सहकारीहरुले सम्बन्धीत वडा कार्यालय मार्फत सहभागिता जनाउन सक्ने छन ।

**५) मापदण्डको परिचय :**

यो मापदण्डलाई **"मेयर कृषि कार्यक्रम योजना छनौट मापदण्ड"** भनिएको छ । यस आर्थिक बर्ष २०७५/२०७६ बाट शुरु भएको एउटा महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको मेयर कृषि कार्यक्रम आफैमा यस नगरपालीकाको गौरबको बहुबर्षिय योजना हो । गुरुयोजना निर्माण गर्ने कार्य भैसकेको सन्दर्भमा यसका बिभिन्न अंगहरुको योजनाबद्ध कार्यन्वयन तथा यससंग सम्बन्धीत योजना छनौटलाई व्यबस्थीत गर्न मापदण्डको निर्माण गरिएको छ । मेयर कृषि कार्यक्रम संग सम्बन्धीत योजनाहरुको प्राथमिकिकरण गर्नु तथा यसको कार्यान्वयनलाई सुव्यबस्थित तुल्याउन यस मापदण्डको प्रमुख कार्य हो । मापदण्डका आधारमा प्राप्त योजनाहरुलाई प्राथमिकिकरण गर्न तथा बिनियोजित बजेटलाई पारदर्शी एवं जनहितकारी बनाउन पनि यसले भुमिका खेल्ने छ । साथै आएका योजनाहरुको क्रमबद्ध क्रियान्वयनमा समेत यसको महत्वपूर्ण भुमिका रहने छ ।

**६) योजना पेश गर्ने बिधि तथा छनौट प्रकृया :**

बर्दिबास नगरपालिकामा बसोबास गर्ने उपाभोक्ता, कृषक समुह तथा कृषि सहकारीहरुले सम्बन्धीत वडा कार्यालयमा आबश्यक योजनाका लागि उपभोक्ता भेला गराई अनुसुचि १ र अनुसुचि २ भरी पेश गर्नु पर्नेछ । पेश भएका योजनाहरुलाई निम्न प्रकृया अपनाइ योजना छनौट गरीनेछ र सोहि बमोजिम बजेट बाँडफाँड गरीनेछ ।
योजना माग गर्दा निम्न लिखित बुँदाहरुलाई आधार बनाइ पेश गर्नु पर्ने छ ।

... प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदर कुमार कार्की
प्रमुख

- **योजनाको किसिम :** पेश गरिएको योजना मेयर कृषि कार्यक्रमले निर्दिष्ट गरेको कृषि क्षेत्रको बिकाससंग सम्बन्धीत हुनुपर्ने छ ।
- **योजनाले लाभान्बीत घरधुरी तथा समुदाय :** पेश हुन आउने योजनाले कम्तीमा दस घरधुरी समेट्ने तथा लाभग्राहि त्यहि अनुसार हुने सुनिश्चीत हुनु पर्ने छ । लाभग्राहि घरधुरी तथा समुदायको सम्पूर्ण बिबरण पेश गर्नु पर्नेछ । सम्बन्धीत स्थानका लाभग्राही उपभोक्ताको भेला बसि पेश भएको योजनालाई सोहि अनुसार प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ ।
- **भेलाको आधिकारीक निर्णय :** सम्बन्धीत योजना लाभग्राही उपभोक्ता भेलाको माइनुट तथा आधिकारीक निणर्य पेश गर्नु पर्नेछ ।
- **लागत अनुमान :** योजना पेश गर्दा सकेसम्म प्राबिधिक मार्फत लागत अनुमान स्विकृत गराई पेश गर्नु पर्ने छ । लागत अनुमान पेश भइ आएका योजनाहरुलाई सोहि अनुसार प्राथमिकीकरण गरिनेछ । लागत अनुमान पेश नभएका योजनाको हकमा कृषि विकास बोर्डले लागत अनुमान तयार गरी मुल्यांकन समितिमा पठाउने छ ।
- **डिजाइन तथा स्टिमेट :** योजना छनौट तथा माग गर्दा प्राबिधिक डिजाइन लेआउट तथा स्टिमेट आबश्यक पर्ने योजनालाइ नगरपालिका अथवा कृषि विकास बोर्डले प्राबिधिक मार्फत डिजाइन गराइ मुल्यांकन समितिमा पेश गर्नु पर्ने छ ।
- **योजनाको प्राथमिकीकरण :** उपभोक्ता, कृषक समुह तथा कृषि सहकारी मार्फत पेश हुने योजनाहरु सम्बन्धीत वाडा कार्यालयले प्रारम्भीक प्रथमिकिकरण गरी नगरपालिका समक्ष क्रमबद्ध रुपमा सिफारीस गर्नु पर्ने छ । यसरी पेश भएका योजनाहरुलाई प्राथमिकीकरण गरी रोस्टर निर्माण गरिनेछ । सोहि रोस्टरको प्राथमिकीकरणका आधारमा योजना छनौट तथा क्रियान्वयन गरिनेछ ।
- **सुचना प्रकाशन :** नगरपालीकाले स्थानिय प्रत्रिकामा १५ दिने सुचना प्रकाशन गर्नेछ साथै सम्बन्धीत वडा कार्यालयलाई बिधुतीय सुचना प्रणाली मार्फत जानकारी गराउनेछ ।
- **योजना पेश गर्ने स्थान :** सम्बन्धीत वडा कार्यालयमा पेश गर्ने । पेश भएका योजनाहरु लाई सम्बन्धीत वडा कार्यालयले प्राथमिकीकरण गरी नगरपालीका समक्ष सिफारीस गर्नेछ ।

**६) योजना कार्यान्वियन ढाँचा :** यस मापदण्ड अनुसार अनुसुचि १ मा रहेको योजना माग फारम तथा अनुसुचि २ मा रहेको अनुमानित लागत अनुमान फारम भरी सम्बन्धीत वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका योजनाहरुको आबश्यकताको पहिचान तथा प्राथमिकीकरण गरी सम्बन्धीत वडा कार्यालयले नगरपालिका समक्ष पेश गर्नेछ । त्यसरी प्राप्त योजनाहरुलाई नगरपालीकाले आबश्यक प्राथमिकिकरण गरी रोस्टर प्रकाशित गर्ने छ साथै सोहि रोस्टर अनुसार कार्यान्वयन गर्ने गराउने छ ।

**७) योजनाको जनसहभागिताः** योजना छनौट गर्दा जनसहभागिताको अनुमानित लागत अनुमान पेश गर्नु पर्नेछ । जनसहभागिताको प्रतिशतका आधार लाई पनि प्रथमिकिकरणको आधार मानिनेछ । बढि भन्द बढि जनसहभागिता विशेष प्रथमिकतमा पर्नेछ ।

**८) योजनाको बर्गिकरणः** वाडा बाट प्रारम्भीक प्रथमिकिकरण गरी पेश भएका योजनाहरुलाई प्राथमिकताको आधारमा बर्गिकरण गरीनेछ । बर्गिकरण गरीएको योजनाहरुलाई सोहि आधारमा क्रमबद्ध रुपमा बजेट बिनियजन गरी योजना कार्यान्वयन गरीनेछ ।

**९) अनुगमन तथा मूल्यांकनः** यस मापदण्डका आधारमा वडाहरुवाट प्राप्त योजनाहरु मूल्यांकन गरी प्राथमिकीकरण गर्न कृषि विकास बोर्डले मुल्यांकन समिति गठन गर्नेछ । बोर्ड गठन नहुन्जेल निम्न अनुसारको मुल्यांकन समिति हुनेछ ।

- नगरपालिकाले तोकेको शाखा अधिकृत स्तरको कर्मचारी – सदस्य
- नगरपालिकाको कृषि शाखाको अधिकृत – सदस्य

खगेन्द्र प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदर कुमार काकी
प्रमुख

- नगरपालिकाको प्राविधिक कर्मचारी – सदस्य
- नगरपालिकाको लेखा शाखाको कर्मचारी – सदस्य

**११) भुक्तानी प्रकृया :** मेयर कृषि कार्यक्रम कार्यबिधि, सार्बजनिक खरीद ऐन तथा नियमावली र नगरपालीकाको नियम अनुसार ।

**१२) योजनाको किसिम :** मेयर कृषि कार्यक्रमको उदेश्य, लक्ष्य र स्विकृत कार्यबिधि अनुरुप निम्न किसिमका योजनाहरु यस मापदण्डले समेट्ने छ ।

- सिंचाईका लागी कृषि कुलो (पक्की तथा कच्ची), बाँध, डिप बोरीङ र इनार निर्माण तथा मर्मत ।
- पानी संकलन तथा माछापालन गर्ने पोखरी/ताल निर्माण तथा मर्मत ।
- कृषि उपकरणहरु खरीद तथा मर्मत ।
- कृषि यन्त्रहरुको आबश्यकता, खरिद तथा मर्मत ।
- कृषि बजार निर्माण, बिस्तार तथा सुधार ।
- पशु-पन्छी तथा माहुरी पालन संग सम्बन्धीत पुर्वाधार निर्माण योजनाहरु ।
- कृषि उत्पादन (खेती)संग सम्बन्धीत योजनाहरु ।
- बन तथा जडिबुटि खेति संग सम्बन्धीत योजनाहरु ।
- फलफुल तथा फुल खेती संग सम्बन्धीत योजनाहरु ।
- आधुनिक खेती प्रणालिसंग सम्बन्धीत योजनाहरु ।
- दुग्ध उत्पादन र सो संग सम्बन्धीत पुर्वाधार निर्माणका योजनाहरु ।

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदर कुमार कार्की
प्रमुख

# अनुसुचि १

# योजना माग फारम

(यस योजना माग फारम पूर्ण रुपमा भरी पेश गर्नु पर्नेछ ।)

श्री अध्यक्ष ज्यु
बर्दिबास नगरपालिकाको कार्यालय/कृषि बिकास बोर्ड
बर्दिवास नगरपालिका
मार्फत : बर्दिवास न.पा वडा नं.......

**विषय : ..............................................योजनाको लागी रकम उपलब्ध गराईदिनुहुन अनुरोध छ ।**

उपरोक्त सम्बन्धमा हामी ........................................................... उपभोक्त, कृषि समुह/कृषि सहकारीले निम्न विवरण भरी ..............................................................................................निर्माण/योजनाको लागी रु. ...................को लागत अनुमान तथा आबश्यक अन्य कागजात सहित यो निबेदन पेश गरेका छौं ।

**बिबरणहरु :**

कृषक समुह/कृषि सहकारीको नामः.............................................................................
सम्पर्क व्यक्तिः ..............................................................
सम्पर्क नः ...........................................................
योजना कार्यान्वियन हुने वडा नं. ..............................
टोलको नामः ............................
योजनाको नामः .........................................................................
योजनाको किसिमः .............................................................
लाभान्वीत घरधुरीः ................................................
लाभान्वीत जनसंख्याः ..............................................
यस योजनाले समेट्ने खेतिको क्षेत्रफल(कट्ठा, बिघामा)ः ............................
जमिनको किसिमः .....................................................
योजना क्षेत्रभित्र खेति हुने मुख्य बालिहरुः ......................................
योजना क्षेत्रभित्र खेति हुने मुख्य तरकारी बालिः .....................................
योजना क्षेत्रभित्र खेति हुने मुख्य धान बालिः .....................................
योजना क्षेत्रभित्र खेति हुने फलफुलः ..............................................
योजना क्षेत्रभित्र खेति हुने जडिबुटिः ..............................................................
योजना क्षेत्रभित्रको अन्य उत्पादन विवरण :...........................................................................................
..............................................................................................................................
औसत मासिक तथा बार्षिक उत्पादन विवरण : .............................................................................
..............................................................................................................................
योजना क्षेत्रभित्र कृषि जन्य बस्तुहरुको आयात तथा निर्यात विवरण : .............................................................
..............................................................................................................................
..............................................................................................................................

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदर कुमार कार्की
प्रमुख

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

**योजना कार्यान्वियन पश्चात :**

योजनाले सिर्जना गर्ने रोजगारीको संख्या तथा प्रकृति (के, कस्तो र कति ?) :
............................................................................................................................
............................................................................................................................

उत्पादन बालिमा बृद्धि के ? कसरी ? कति ? :
............................................................................................................................
............................................................................................................................

लाभान्वीत जनसंख्याको आयआर्जन मा बृद्धि के ? कसरी ? कति ? :
............................................................................................................................
............................................................................................................................

लाभान्वीत जनसंख्याको जिबनस्तरमा सुधार के ? कसरी ? कति ? :
............................................................................................................................
............................................................................................................................

बजार तथा बजार व्यबस्थाको अबस्था र मूल्यांकन:
............................................................................................................................
............................................................................................................................

कृषिको बिकासको लागी आबश्यक सुझाब : ............................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................

निबेदक

नाम :..................................

हस्ताक्षर :..........................

मिति :............................

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदर कुमार कार्की
प्रमुख

अनुसुचि २

# लागत अनुमान फारम

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

कृषक समुह/कृषि सहकारीको नामः.......................................................................................
सम्पर्क व्यक्ति : .......................................................................................
सम्पर्क नः .......................................................................
वडा नं. .................
टोलको नामः ..............................................
योजनाको नामः .......................................................................................
योजनाको किसिमः ................................................................

| क्र.स | सेवा खर्च शीर्षक | एकाइ | शिर्षकको प्रति इकाइ दर | शीर्षकको जम्मा परिणाम | शीर्षकको जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | कुल जम्मा लागत | | | | | |

अक्षररुपि रु. ...........................................................................................................................

...............................
तयार गर्ने
टेक बहादुर कटुवाल

...............................
पेश गर्ने
अग्नि प्रसाद अधिकारी
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

...............................
स्विकृत गर्ने
विदुर कुमार कार्की
विदुर कुमार कार्की
प्रमुख